- Total NICU = १३ वटा
- NICU level III = ८ वटा, NICU level II = ५ वटा
- Neuro ICU = ४ वटा
- Delux ICU cabin = २ वटा
- ICU Isolation = १ वटा (संक्रमण रोगको लागि)

## न्युरो आई.सी.यु

यस प्रदेश अस्पतालमा मिति २०७८/११/०७ गते देखि छुट्टै सुविधा सम्पन्न ४ बेड क्षमताको न्युरो आई.सी.यु. सेवाको विस्तार भएको छ । विशिष्टिकृत सेवा अन्तरगत टाउको तथा मेरूद्धण्डको समस्या र चोटपटक, पक्षाघात तथा न्युरो सम्बन्धी अप्रेशन गरेका विरामीहरुलाई बरिष्ट कन्सलटेन्ट न्युरो सर्जन डाक्टरको निगरानीमा आधुनिक उपकरण प्रयोग गरी तालिम प्राप्त नर्सिङ्ग कर्मचारीद्धारा सेवा प्रदान गरिन्छ ।



**कोरोना संक्रमण देखिएमा १०-१५ दिन अलग्गै बस्नु पर्दछ ।**


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

इमेल: provincehospitalsurkhet@gmail.com




# ICU (सघन उपचार कक्ष)

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

# ICU (सघन उपचार कक्ष)



## परिचय

Intensive Care Unit/सघन उपचार कक्ष भन्नाले एकदमै सिकिस्त विरामीको लागी उपचार र अनुगमन प्रदान गर्नको लागि अस्पतालको विशिष्ट फाँटको रूपमा स्थापित भएको भन्ने बुझिन्छ । यस फाँटमा प्राय सबैखाले service दिनु पर्ने बिरामी राख्ने गरिन्छ । बिरामीको उपचारको लागि दक्ष स्वास्थ्यकर्मीः डाक्टर, तालिम प्राप्त नार्सिङ स्टाफ र अत्याधुनिक किसिमका औजार उपकरणको पनि व्यवस्था गरिएको हुन्छ ।

## बिरामीका प्रकारहरू

- ☞ जटिल प्रकारका अप्रेशन भएका बिरामीहरू
- ☞ टाउकोमा चोटपटक लागेर बेहोश भएका विरामी
- ☞ सर्पदंश, दुर्घटनामा परि गम्भीर अवस्था भएका विरामीहरू
- ☞ गम्भीर संक्रमण भएका विरामीहरू
- ☞ दम स्वासप्रस्वासमा समस्या भएका विरामीहरू
- ☞ अचेत अवस्थाका विरामीहरू
- ☞ मुटुको रोग, मष्तिस्क पक्षघात भएका बिरामीहरू






उपरोक्त माथिका जस्ता प्रकृतिका विरामीलाई विशेष प्रकारको उपचार, भेन्टीलेटर सेवा, २४सै घण्टा अक्सिजन सेवा दिनुपर्ने भएकोले ICU फाँटको धेरै नै महत्व रहेको छ ।

## प्रदेश अस्पताल स्तरिय ICU कक्ष

गम्भीर प्रकृतिका विरामीका लागि यसै प्रदेश अस्पतालमा औषधी उपचार गराई जीवनरक्षा गर्ने उद्धेश्यले आई.सी.यु. र एन. आई.सी.यु.को स्थापना गरिएको हो । कर्णाली भेगमा रहेका सिकिस्ता बिरामीहरूलाई यहाँबाट अन्यत्र जान नपरी यसै ठाउँमा उपचार गर्न सकियोस भनेर अत्याधुनिक उपकरण, र तालिमप्राप्त स्वास्थ्यकर्मी, विशेषज्ञ डाक्टरद्धारा विगत ३ वर्ष अघि देखि संचालन भइरहेको छ । ICU स्थापना भएदेखि समस्यामा परेका गम्भीर विरामी र जनता यसबाट धेरै नै लाभान्वित भएका छन् ।

## २०७८/०७९ (आई.सी.यु बेड क्षमता) ३३ बेड क्षमता

- Adult ICU = १२ वटा (Level III) (Neuro I.C.U-4)
- Paediatric ICU = ५ वटा